# रुपनी गाँउपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि, २०७४

## प्रस्तावना

योजना, आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयनका हुन नसक्दा समग्र मुलुकको विकासले आशातित उपलब्धी हासिल गर्न नसकेको राष्ट्र व्यापी गुनासो बढिरहेको वर्तमान अवस्थामा यस रुपनी गाउँपालिकाद्धारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागिता मूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वाञ्छनीय भएकोले,
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रुपनी गाउँकार्यपालिकाको मिति २०७४।१२।० को बैठकले यो कार्यविधि पारित गरेको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “रुपनी गाँउपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि २०७४” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि” भन्नाले रुपनी गाँउपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि, २०७४ लाई सम्झनु पर्छ ।

(ख) “गाउँपालिका” भन्नाले रुपनी गाँउपालिकालाई सम्झनुपर्छ ।

(ग) “अनुगमन” भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ/छैन भनी गाउँकार्यपालिका, वडा समिति वा गाउँकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।

(घ) “मुल्याङ्कन” भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धी एवं प्रभावहरु हासिल भएका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) “अनुगमन मूल्यांकन समिति” भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ । सो शब्दले दफा ३ को उपदफा (२) बमोजिम गठित वडा स्तरको अनुगमन तथा मूल्यांकन समिति समेतलाई जनाउँछ ।

## परिच्छेद – २

## अनुगमन तथा मूल्याङ्कन समिति

**३. अनुगमन तथा मूल्याङ्कन समिति :** (१) गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन गाउँपालिका स्तरमा गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा  देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) गाउँपालिकाको उपाध्यक्षः संयोजक

(ख) कार्यपालिकाले मनोनयन गरेको वडाअध्यक्ष तथा कार्यपालिका सदस्य बढीमा ३ जना : सदस्य (यसरी वडाअध्यक्ष तथा कार्यपालिका सदस्यको मनोनयन गर्दा पालो मिलाई फरक-फरक वडाअध्यक्ष तथा कार्यपालिका सदस्यलाई समितिको सदस्य मनोनयन गर्नुपर्नेछ ।)

(ग) प्रविधिक शाखाको प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी : सदस्य

तर, उक्त समितिका सदस्यका अतिरिक्त गाउँपलिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखाको अन्य कर्मचारीलाई अनुगमन मूल्याङ्कनमा जान बाधा पुगेको मानिने छैन ।

(२) वडामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन तथा कार्यान्वयन गर्न वडाअध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

(क) वडाअध्यक्ष वा निजले तोकेको वडा सदस्यः संयोजक

(ख) वडा समितिले मनोनयन गरेको एक जना वडा सदस्य : सदस्य (यसरी वडा समितिले सदस्य मनोनयन गर्दा पालो मिलाई फरक-फरक वडा सदस्यलाई समितिको सदस्य मनोनयन गर्नुपर्नेछ ।)

(ग) वडा सचिव : सदस्य

**४.अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

(१) दफा ३ को उपदफा (१) वमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँकार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचितढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन गाउँ कार्यपालिकाको बैठक समक्ष पेश गर्ने ।

(ङ) गाउँ सभा, गाउँकार्यपालिका तथा गाउँपालिका अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

(२) दफा ३ को उपदफा (२) वमोजिम गठित वडास्तरको अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा, गाउँकार्यपालिका तथा वडा समितिबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन वडा समिति समक्ष पेश गर्ने ।

(ङ) गाउँ सभा, गाउँकार्यपालिका तथा वडा समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–३

## अनुगमन तथा मुल्याङ्कन सुविधा

**५.अनुगमन तथा मुल्याङ्कन सुविधा :**

(१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन तथा मुल्याङ्कन सुविधा प्राप्त गर्नेछन् ।

(१) दैनिक भता प्रतिदिन रु ६००।००

(२) खाजा खर्च प्रतिदिन प्रतिव्यक्ति रु १००।००

(३) यातायात खर्च प्रतिदिन प्रतिव्यक्ति रु ३००।००

तर, यस्तो अनुगमन तथा मुल्याङ्कन सुविधा एक हप्तामा बढीमा तीन दिनसम्मको मात्र उपलब्ध हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन तथा मुल्याङ्कन सुविधा प्राप्त गर्नेछन् ।

(१) दैनिक भत्ता प्रतिदिन रु ३००।००

(२) खाजा खर्च प्रतिदिन प्रतिव्यक्ति रु १००।००

(३) यातायात खर्च प्रतिव्यक्ति रु १००।००

तर, यस्तो अनुगमन तथा मुल्याङ्कन सुविधा एक हप्तामा बढीमा तीन दिनसम्मको मात्र उपलब्ध हुनेछ ।

(३) गाउँपालिकाको अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखाको अन्य कर्मचारी अनुगमन तथा मुल्याङ्कनमा जाँदा उपदफा (१) वमोजिमको सुविधा प्राप्त गर्नेछन् ।

## परिच्छेद – ४

## अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

**६.अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन :** दफा ३ को उपदफा (१) र (२) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि १ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**७. प्रतिवेदन पेश गर्ने अवधि :** (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिवेदन अनुगमन तथा मुल्याङ्कन गरेको दोश्रो महिनाको पहिलो गाउँकार्यपालिका बैठक समक्ष पेश गर्नेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिवेदन अनुगमन तथा मुल्याङ्कन गरेको दोश्रो महिनाको पहिलो वडा समितिको बैठक समक्ष पेश गर्नेछ ।

## परिच्छेद – ५

## विविध

**८.बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिका स्तरको समितिको सिफारिसमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

**९. संशोधन :** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँकार्यपालिकाको हुनेछ ।

अनुसूची-१

दफा ६ सँग सम्वन्धित

**अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन**

| योजना, आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | योजना, आयोजना तथा कार्यक्रमको अवस्था | लाभग्राही वा स्थानीय नागरिकको सुझाव वा गुनासो | उपभोक्ता समितिको पदाधिकारीहरुको | |
|---|---|---|---|---|
| | | | पद, नाम | दस्तखत |
| | | | | |

उल्लेख गर्नुपर्ने अन्य कुनै व्यहोरा भए :

**अनुगमन तथा मुल्याङ्कनकर्ताको :**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |